NABIL BANK®
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

Nabil Bank
P.O.Box 3729 Teendhara, Durbarmarg
Kathmandu, Nepal
Email : info@nabilbank.com
Tel : (977-1) 4227181, 4221718
Fax : (977-1) 4226905
SWIFT : NARBNPKA
Website : www.nabilbank.com

मिति : २०७९/०२/०९

**श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड**
**सिंहदरबार प्लाजा**
**रामशाहपथ, काठमाडौं ।**

**विषय : विशेष साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा यस नबिल बैंक लिमिटेडको २०७९ जेष्ठ ७ गते शनिवार (तदनुसार २१ मे, २०२२) का दिन बिहान ११:०० बजे सिल्भर ओक ब्याङक्वेट तथा इभेन्ट सेन्टर, गैह्रीधारा, काठमाडौंमा बसेको विशेष साधारणसभाले नबिल बैंक लिमिटेडले नेपाल बंङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि मुल्यांकनकर्ता पिकेएफ टी.आर. उपाध्याय एण्ड कम्पनी, चाटर्ड एकाउण्टटेन्ट्सबाट प्राप्त लक्षित संस्थाको सम्पत्ति, दायित्व तथा कारोवारको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) बमोजिम सिफारिस गरिएको शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) मा व्यावसायिक अवसरहरु, व्यवसायको प्रतिष्ठा, कर्मचारीहरुको योग्यता, क्षमता, दक्षता तथा कार्यकुशलता, बजार उपस्थिति, मुनाफा वितरणको इतिहास, पछिल्लो शेयर बजार मुल्य समेतका विषयहरुको आधारमा नेपाल बंङ्गलादेश बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर उक्त कम्पनीका शेयरधनीहरुलाई नबिल बैंक लिमिटेडको ४३ कित्ता (१:०.४३) शेयर प्रदान गर्ने गरी नेपाल बंङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्न स्वीकृति प्रदान गर्ने विशेष प्रस्ताव पारित भएको व्यहोरा अनुरोध गर्दछु ।

साथै सभाले मुल्यांकनकर्ताको नियुक्ति तथा निजलाई भुक्तानी गरिएको पारिश्रमिक, सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report), समझदारीपत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायतका सम्पुर्ण काम कारवाहीहरुलाई अनुमोदन गर्नुका साथै प्रस्ताव बमोजिमको प्रबन्धपत्र संशोधन र प्राप्ति संग सम्बन्धीत सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव समेत पारित गरेको व्यहोरा अनुरोध गर्दछु ।

भवदीय,

NABIL BANK Head Office Teendhara, Kathmandu

विनय कुमार रेग्मी
कम्पनी सचिव